मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

डोरीको लाहुरेको
उदाहरणीय कार्य: पृष्ठ ३



◆ वर्ष : २५ ◆ अङ्क : १७७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ १३ गते मंगलवार (Teusday, May 26. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. ५/- भारतमा भारु. ४/-

## काँकरभिट्टाबाट ५८७ मेट्रिक टन तरकारी भित्रियो

लक्ष्मी उप्रेती

**मेचीनगर, जेठ १२।** नेपालमा लकडाउन भएपछिको अवधिमा पुर्वीनाकाबाट ५ सय ८७ मेट्रिक टन मात्र हरियो सागसब्जी आयात भएको छ। पर्याप्तरुपमा हरियो सागसब्जी आयात नहुँदा आर्थिकरुपमा समेत सरकारले नोक्सानी व्यहोर्नु परेको छ।

प्लान्ट क्वारेन्टिन एवम् विषादि व्यवस्थापन केन्द्र क्वारेन्टिन कार्यालय काँकरभिट्टाका अनुसार चैत १४ देखि २६ गतेसम्म काँकरभिट्टा नाका भएर ९३ लाख ९२ हजार रुपैयाँ मूल्य बराबरको ५ सय ८७ मेट्रिक टन हरियो सागसब्जी आयात भएको हो।



कार्यालयका प्राविधिक सहायक चन्देश्वर ठाकुरका अनुसार सो अवधिमा टमाटर, खुर्सानी, सीमी, करेला, काँक्रा, काउली, बन्दा, मुलालगायतका हरिया सागसब्जी आयात भएको छ। भारतबाट विभिन्न प्रकारका हरियो सागसब्जी आयात हुँदा नेपालबाट भारततर्फ भने निर्यात ठप्प भएको छ। भारतको पश्चिम बंगाल सरकारले नेपालसँग सीधा सीमा जोडिएको भारतको पानीट्याँकीस्थित रानीगञ्ज नाका ठप्प पार्दा तरकारीको आयात पनि शुन्य थियो।

चैत २६ गतेसम्म यो नाका भएर हरियो सागसब्जी आइरहेका भएपनि भारततर्फबाट एकलौटी पश्चिम बंगाल सरकारले नाका बन्द गरेपछि नेपालको पूर्वीनाका काँकरभिट्टा नाका हुँदै तरकारी लिएर आउने सबै सवारीका साधन ठप्प भएको र चैत २६ देखि बैशाख २६ गतेसम्म वा ३१ दिन यो नाका पूर्णरुपमा ठप्प हुँदा तरकारीको आयात पनि शुन्य भएको प्राविधिक सहायक ठाकुरले बताए।

पूर्वी पहाडी जिल्ला धनकुटा, तेह्रथुममा उत्पादित बन्दाकोपीको माग भारतीय बजारमा अत्याधिक हुने भएपनि लकडाउनका कारण सवारीसाधन ठप्प हुँदा निर्यात हुन सकेको छैन्। पूर्वी नाका हुँदै बन्दाकोपीसहित मुसुरो दाल, अदुवा, अम्लिसो, तोरीपिना, राइसब्राण्ड तथा जडीबुटीलगायतका वस्तुहरु निर्यात हुने गरेका थिए। अहिले ती वस्तुको निर्यात ठप्प रहेको कार्यालयले जनाएको छ। विशेष गरी भारतका विभिन्न बजारबाट आयातित सागसब्जी नेपालको स्थानीय बजारदेखि काठमाण्डौंसम्म पुग्ने गरेको छ। केहीदिनदेखि भारतको पश्चिम बंगाल सरकारले भारतबाट मालवाहक सवारीसाधन चल्न खुला गरेपछि फाट्टफुट्टरुपमा तरकारी आयात हुन थालेको छ। तर, ती तरकारी स्थानीय बजारमै खपत हुने ठाकुरको भनाई छ।

## क्वारेन्टाइन सुरक्षित बनाउन स्थानीयको माग

**गौरीगञ्ज, जेठ १२।** गौरीगञ्जमा स्थापना गरेको क्वारेन्टाइनलाई व्यवस्थित र सुरक्षित बनाउन स्थानीयवासीले माग गरेका छन्।

गौरीगञ्ज गाउँपालिका वार्ड नं. -३ का स्थानीयवासीले गाउँपालिकाले स्थापना गरेको गौरीगञ्ज बहुमुखी क्याम्पसको क्वारेन्टाइन व्यवस्थित र सुरक्षित तवरबाट व्यवस्थापन गर्न माग गरेका हुन्। उनीहरूले वार्ड पिच्छे क्वारेन्टाइनको व्यवस्था गर्नुपर्ने, सुरक्षित तरिकाबाट होल्डिङ्ग क्षेत्रबाट क्वारेन्टाइनसम्म ल्याउनुपर्ने र एउटै कोठामा कोच्याएर नराखी सामाजिक दुरी कायम गर्नुपर्ने लगायतका मागहरू अघि सारेका छन्। वार्ड नं. ३का वडाध्यक्ष मखना महतोलाई उक्त मागसहिकतको ज्ञापन पत्र बुझाएका थिए। स्थानीयवासीको माग जायज भएको भन्दै वडाध्यक्ष महतोले त्यसको विषयमा छलफल गरी आवश्यक व्यवस्था गर्ने बताएका थिए।

दुईस्थानमा स्थापना गरी क्वारेन्टाइनसम्म भारतबाट आएका नेपालीहरूलाई क्वारेन्टाइनसम्म पुऱ्याउन सुरक्षित तवरबाट व्यवस्थापन गर्नुपर्नेमा स्थानीय सरकारको ध्यान जान नसकेको स्थानीय युवा डम्बरबहादुर बस्नेतले बताए। एकै क्वारेन्टाइनमा गाउँपालिकाभरिका मानिसलाई नराखी प्रत्येक वडामा क्वारेन्टाइनको स्थापना गरेर उनीहरूलाई क्वारेन्टाइनसम्म पुऱ्याउन सुरक्षित सवारीसाधनको व्यवस्थापन गर्न सके मात्र कोरोनाको जोखिमबाट बच्न सकिने उनले बताए।

भारतमा लकडाउन खुकुलो बनाउँदै नेपाल फर्किनेहरुलाई सहज बनाएसंगै कोरोनाको जोखिम बढ्दो भइरहेको बेला भारतसँग सीमा जोडिएको गौरीगञ्ज-१ कुञ्जीबारी र भारतको किसनगञ्ज जिल्ला अन्तर्गत सिडिमारी ग्राम पञ्चायतको डाकुपाडाको बिचलगायत तीन स्थानमा होल्डिङ्ग सेन्टरको व्यवस्था गौरीगञ्ज गाउँपालिकाले गरेको छ। भारतबाट फर्किने नेपालीका लागि उक्त तीन स्थानहरूको होल्डिङ सेन्टरमा न त सामान्य खाजा, सेनिटाइजर, मास्क आदिको व्यवस्थानै

(बाँकी अन्तिम पृष्ठमा)

## झापामा सूर्यमुखी फूलको खेतीप्रति आकर्षण बढ्यो



**बनियानी, जेठ १२।** खेती गर्न सजिलो र उत्पादन राम्रो हुने भएपछि झापाका कृषकहरु पछिल्लो समय सूर्यमुखी फूलखेतीतर्फ आकर्षित हुन थालेका छन्।

अहिले कतै सूर्यमुखी ढकमक्क फुलेको छ त कतै कतिपय बाली उठाउने बेला भएको छ। विर्तामोड नगरपालिका-१० स्थित अन्नपूर्ण कृषि समूह र विशाल कृषि समूहका ६० कृषकले २० बिगाहभन्दा बढी क्षेत्रफलमा सो फूलखेती गरेका छन्। विर्तामोड नगरपालिकाले खेती प्रोत्साहन एवम् प्रवर्द्धनका लागि बीऊ र कृषि चुन उपलब्ध गराएपछि उनीहरुले सो खेती लगाएका हुन्।

सो नगरपालिकाले ४२० बोरा कृषि चुनमा ५० प्रतिशत अनुदान दिएको छ भने बीऊ निःशुल्क उपलब्ध गराएको छ। साथै प्राविधिक सहयोग पनि गरिरहेको कृषकको भनाइ छ। अन्नपूर्ण कृषक समूहका सदस्य गोपालकृष्ण शिवकोटीले १० कट्ठामा सूर्यमुखी फूलखेती गरेको जानकारी दिए। यसै वर्षदेखि सूर्यमुखीको सामूहिक खेती शुरु गरेका छौं- उनले भने- तेलहन बाली भएकाले बजारको कुनै समस्या छैन, उत्पादन पनि राम्रो हुने थाहा पाएपछि खेती थालेका हौं।

अर्का कृषक देवीप्रसाद शिवाकोटीले पनि १० कट्ठामा सो खेती लगाएको बताए। पहिलोपटक भएकाले शुरुआती अवस्थामा १० कट्ठामा लगाएको छु- उनले भने- उत्पादन राम्रो भयो भने

(बाँकी अन्तिम पृष्ठमा)

### कोभिड-१९ को प्रभाव

## झापाली समाज अष्ट्रेलियाको सहयोग अभियान

**विर्तामोड, जेठ १२।** झापामा कोरोना भाइरस (कोभिड(१९) को संक्रमणको जोखिम बढेको भन्दै झापाली समाज अष्ट्रेलियाले आर्थिक संकलन तथा सहयोग अभियान शुरू गरेको छ।

विश्वमा महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका संक्रमित झापामा पनि बढ्दै गएकाले 'कोभिड-१९को संक्रमणबाट बचौं, विपन्न तथा असहाय परिवारलाई सहयोग गरौं' भन्ने उद्देश्यले झापाली समाज अष्ट्रेलियाले आर्थिक संकलन तथा सहयोग अभियान शुरू गरेको झापाली समाज अष्ट्रेलियाका सचिव अशोक उप्रेतीले जानकारी दिए।

आफ्नो गृह जिल्ला झापालाई प्राथमिकतामा राख्दै प्राकृतिक प्रकोपमा होस् वा अरु कुनै कठिन अवस्थामा अष्ट्रेलियामा रहेका झापालीहरुले सहयोग गर्दै आएको बताउँदै उप्रेतीले विगतमा भूकम्प, बाढीपहिरो लगायत दैवीप्रकोपमा परी




सहाराविहीन वन्न पुगेका झापाली र नेपालीहरुका लागि झापाली समाज अष्ट्रेलियाले सहयोग गर्दै आएको जानकारी दिए।

झापामा कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको जोखिम वढेको र कोरोना महामारीका कारण समस्यामा परेका विपन्न तथा असहाय परिवारलाई सहयोग गर्दै कोरोना रोकथाम र व्यवस्थापनमा सहयोग गर्न आर्थिक संकलन अभियान शुरु गरेको झापाली समाज अष्ट्रेलियाका सचिव उप्रेतीले बताए।

अभियानमार्फत संकलन गरिएको रकम हाल झापामा सहारा नेपालसहित १८ वटा विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा सञ्चालन भइरहेको 'एकका लागि एक' अभियानमा सहकार्य गर्दै कोरोना भाइरस रोकथाम तथा नियन्त्रण, उपचार समन्वय तथा अनुगमन समिति झापालाई आवश्यक सामग्री उपलब्ध गराउने झापाली समाज अष्ट्रेलियाका अध्यक्ष उमेश पोखरेलले जानकारी दिए।

त्यस्तै अन्तर्राष्ट्रिय झापाली समाजले सार्वजनिक गर्न लागेको राहत कार्यक्रममा सहयोग, बिपन्न परिवारलाई आवश्यकता अनुसार राहत पुग्ने गरि आयोजना गरिएका बिभिन्न योजनालाई थप सहयोग गरिने उनले बताए। अष्ट्रेलिया निवासी झापाली लगायत सबै नेपालीहरु एकजुट भई उक्त अभियानमा सरिक भएर विपन्न तथा असहाय परिवारलाई सहयोग गर्न उनले सवैसँग आग्रह गरेका छन्।

## मुख्यमन्त्री राईद्वारा ईदको शुभकामना



**विराटनगर, जेठ १२।** प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले कोरोना भाइरसको सङ्क्रमणबाट सुरक्षित भएर इद मनाउन मुस्लिम समुदायलाई अपिल गरेका छन्।

इस्लाम धर्मावलम्बीहरूको महान् पर्व इदउल फित्रको अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले यस वर्ष विश्वभर फैलिएको कोभिड-१९ का कारण यी चाडपर्व खुला र भव्यरुपमा आयोजना गरी मनाउन सम्भव नभएकाले सुरक्षित भएर इद मनाउन मुस्लिम समुदायलाई अपिल गरेका हुन्।

उनले विभिन्न धर्म, संस्कृति, भेषभूषा, रहनसहन र

(बाँकी अन्तिम पृष्ठमा)




## घर फर्कन नक्कली गर्भवती !

**खोटाङ, जेठ १२।** कोरोना भाइरसको सङ्क्रमण रोकथाम तथा नियन्त्रण गर्न सरकारले लागू गरेको बन्दाबन्दीको समयमा घर फर्कनका लागि खोटाङका स्थानीय बासिन्दाले नक्कली गर्भवतीदेखि मृतकसम्मको कागजात बनाएको खुलासा भएको छ।

दिप्रुङ चुइचुम्मा गाउँपालिका-१ याम्खाकी एक महिला नक्कली गर्भवती बनेर इटहरीबाट गाउँ आएको केही समय नबित्दै दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-८ दोर्पाचिउरी डाँडाका पाँच स्थानीय बासिन्दा आफन्तको मृत्यु भएको कागजात बनाएर तरहराबाट गाउँ आएको खुलेको हो।

बन्दाबन्दीको समयमा व्यक्तिगत र पारिवारिक काम गर्न कतिपय अवस्थामा यात्रा गर्नैपर्ने अवस्था आउने भए पनि कतिपयले विभिन्न बहाना गर्दै शहरबाट गाउँ भित्रिने गरेको खुलेको प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौडेलले बताए। २० वर्षअघि मृत्यु भएका जगतबहादुर थापाका आफन्तले गत जेठ-८ गते मृत्यु भएको नक्कली कागजात तयार गरेर मृत्यु संस्कारका लागि भन्दै गाउँ आएको खुलेको छ- उनले भने- नक्कली कागजातकै भरमा दिक्तेल आइपुगेका उनीहरुलाई प्रहरीले रोकेपछि जनप्रतिनिधिको आग्रहमा क्वारेन्टिनमा राख्ने गरी छाडिएको छ।

इलाका प्रहरी कार्यालय पोकली सुनसरीले उपलब्ध गराएको कागजातमा पनि जेठ ८ गते आफन्तको मृत्यु भएकाले मृत्यु संस्कारका लागि पास उपलब्ध गराइएको उल्लेख छ। दुई दशकअघि मृत्यु भएका वृद्धको अन्तिम संस्कारको कागजात बनाएर गाउँ आउनेमा थापा, चौहान, कार्की र कठायत थरका रहेका छन्।

नक्कली मृतकको कागजात बनाएर आउँदै गरेका उनीहरुलाई खोटाङ प्रवेश

(बाँकी अन्तिम पृष्ठमा)

**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



# व्यवहार परिवर्तन गरे जोखिम कम

**झापा, जेठ १२।** स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मीलगायत बन्दाबन्दीका समयमा पनि नियमित कार्यस्थलमा खटिनुपर्ने व्यक्तिले सावधानी अपनाउँदा कोरोना भाइरस (कोभिड-१९) बाट बच्न सकिने देखिएको छ।

घरबाट कार्यालय र कार्यालयबाट फिल्डमा जाँदा आवश्यक स्वास्थ्य सावधानी अपनाउँदा यो रोगको जोखिम असाध्यै कम हुने जनस्वास्थ्य विज्ञले बताएका छन् । मास्क, पञ्जा, चश्मालगायतको उचित प्रयोग गरेमा रोग लाग्ने सम्भावना कम गर्न सकिने जनस्वास्थ्य विज्ञ डा. रवीन्द्र पाण्डेले बताए । कार्यस्थलमा जानु पहिले राम्रोसँग मास्क र चश्मा लगाउन उनले सुझाव दिए ।

मास्क बाहिरबाट हावा नपस्नेगरी लगाउनुपर्छ । आँखाका माध्यमबाट पनि भाइरस सर्ने हुँदा आफूसँग भएकै आँखा ढाकिने चश्मा प्रयोग गर्न सकिन्छ- उनले भने- कतिपय व्यक्तिले घाँटीमा त कतिले नाक नै नछोपिनेगरी लगाएको पाइन्छ, तर सुरक्षाका लागि यसको सही प्रयोग गर्न खाँचो छ ।

कार्यालय जाँदा गोजीमा सेनिटाइजर बोकेर हिँड्न उनले सबैलाई सल्लाह दिए । सम्भव भएसम्म हात धुने र साबुनपानी उपलब्ध नभएका स्थानमा सेनिटाइजर प्रयोग गरेर पनि हातमा भएका सङ्क्रमण नष्ट गर्न सकिन्छ । पञ्जाको प्रयोग गर्दा हातबाट नाक वा मुखसम्म सङ्क्रमण फैलन पाउँदैन ।

कार्यालय वा फिल्डमा पनि सामाजिक दूरी कायम गर्दा जोखिम कम हुने डा. पाण्डेले बताए । कुनै पनि व्यक्तिसँग ६ फिटको दूरी कायम राख्नुपर्छ । कतिपय अवस्थामा कामका लागि नजिक जानुपर्दा लामो समयसम्म नजिक नबस्न उनको सुझाव छ । उनले भने- कुनै पनि व्यक्तिको नजिक कतिबेर बस्यो भन्ने कुराले पनि अर्थ राख्छ, नजिक बस्नैपर्दा पनि जति छोटो समयका लागि बस्यो त्यति राम्रो हुन्छ ।

कार्यालयमा कामका सिलसिलामा किताब, कापी, टेबुल, कुर्सीलगायतका सामग्री पनि पटक पटक छुइने गरेको छ । यसले मानिसबाट मानिसमा जसरी सजिलै नसर्ने पनि उनले बताए । कार्यालयकै कर्मचारीले पनि आपसमा दूरी कायम गरेर काम गर्दा जोखिम कम हुने उहाँको भनाइ छ । कार्यालय बाहिर जाँदा पनि भीडभाड हुने ठाउँमा नजान उनले सुझाव दिए । उनले भने- मानिसहरु भेट्नुपर्दा कसरी दूरी कायम गर्ने भन्ने तय गर्न खाँचो छ ।

हामीमध्ये अधिकांशको पटक-पटक हात, नाक, मुख, आँखालगायतका अङ्गमा लैजाने बानी हुन्छ । एउटा व्यक्तिले औसत दिनको ९० पटक हात अनुहारमा लैजाने बताइन्छ । कोभिड-१९ विश्वबाटै हराउने समय लाग्ने विश्व स्वास्थ्य सङ्गठनले बताइरहँदा हामीले यीलगायतका व्यवहारमा परिवर्तन ल्याउन खाँचो छ । मास्क लामो समयसम्म लगाउँदा चिलाए पनि त्यसलाई जुनसुकै समयमा हातले छुन नहुने उनले बताए । उनले भने-चिलाउँदा पनि सहनुपर्छ हातमा सङ्क्रमण हुनसक्ने भएकाले झिक्ने वा चिलाउने गर्नु हुँदैन ।

कार्यालयमा हुँदा पनि पटक-पटक साबुनपानीले हात धोएर हातलाई सङ्क्रमणमुक्त गर्न सकिन्छ । खानेकुरा खानु पहिले उपलब्ध भएसम्म हात धोएर खानुपर्ने डा. पाण्डेको सुझाव छ । साबुन र पानी उपलब्ध नहुने ठाउँमा हातमा सेनिटाइजर लगाएर चम्चाले खान सकिन्छ । अहिलेसम्म नेपाल र विश्वमा हेर्दा रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिलाई कोभिड-१९ ले आक्रमण गरेको पाइएको छ । आमनागरिकसँगै बन्दाबन्दीका समयमा काम गर्नुपर्ने पेशाका व्यक्तिले पनि पोषिलो खाना र व्यायाममा ध्यान दिनुपर्ने उनको सुझाव छ ।

कार्यालय आउन/जानका लागि प्रयोग गर्ने सवारी साधनमा सावधानी अपनाउँदा पनि सङ्क्रमणको जोखिम कम गर्न सकिन्छ । अहिले सडकमा जाम नहुने भएकाले कुनै एउटा सवारीमा हिँडेको व्यक्ति सडकमा अरुसँग नजिक हुने सम्भावना कम छ । यो समयमा आफ्नो मोटरसाइकल र स्कुटरमा हिँड्न त्यति डर नहुने उनले बताए । कार्यालयका गाडी, एम्बुलेन्सलगायत सवारी साधनलाई पनि हरेकपटक प्रयोग गरेपछि निसङ्क्रमित बनाउनुपर्छ । बिहान साबुनपानीले पखाल्ने र सोडियम पानीले सफा गर्न सकिन्छ । हरेकपटक प्रयोग गरेपछि सवारी साधनलाई निसङ्क्रमित गर्नुपर्ने उनले बताए । यस्तो समयमा कार्यालयको सवारी साधन असाध्यै जरुरी भएका व्यक्तिमात्रै चढ्दा अत्यावश्यक व्यक्तिलाई समेत जोखिम कम हुन्छ । सवारी चालकले पनि आवश्यक स्वास्थ्य सुरक्षा सामग्रीको प्रयोग गर्नुपर्ने उनको सुझाव छ । उनले भने-चालकले मास्क, चस्मा र पञ्जा प्रयोग गरेर आफू पनि सुरक्षित हुन र अरुलाई पनि सुरक्षित गर्न सक्छ ।

कार्यालयबाट घर फर्किएपछि हात खुट्टा धुने र लगाएका सबै कपडा धोएर घाममा सुकाउनुपर्ने उनको सुझाव छ । अहिले कतिपय डाक्टर, नर्स, कर्मचारीलगायत फ्रन्टलाइनमा बसेर काम गरिरहेकाहरु घरमै सेल्फ क्वारेन्टाइन बसिरहेका छन् । आफू बाहिर काम गर्ने व्यक्तिले आफूबाट परिवारको सदस्यमा सङ्क्रमण नफैलियोस् भनी सजग हुनुपर्ने उनको सुझाव छ । परिवारमा ज्येष्ठ नागरिक र दीर्घरोगी छन् भने उनीहरुको सम्पर्कमा आउँदैनन् । उनले भने- घरमा बिरामी, रोगी हुनुहुन्छ भने उनीहरुको सम्पर्कबाट टाढा बस्नुपर्छ, घरभित्र पनि दूरी कायम गरेर बस्नुपर्छ ।

## बर्षा 'ठानेर' शिवाकोटीलाई गाली गरेपछि..



पछिल्लो समय नायिका वर्षा राउत आफ्नो बोलीका कारण आलोचनामा परेकी छिन् । वर्षाले बोल्ने क्रममा नेपाल र भारतको मिडियाका कारण आफूलाई भारतीय साथीहरुसँग कुरा गर्न गाह्रो भएको बताएपछि उनी बिवादमा तानिएकी हुन् ।

वर्षाले यो बिषयमा माफी पनि मागिसकेकी छिन् । तर, नाम एउटै भएका कारण अर्की नायिका वर्षा शिवाकोटीलाई भने तनाव भएको छ । धेरै मानिसहरुले बर्षा राउत नै सम्झेर नायिका शिवाकोटीलाई नै गाली गरेर म्यासेज गरिरहेका छन् त्यसपछि, नायिका वर्षा शिवाकोटीले सामाजिक सञ्जालमा -'म्यासेज पठाउनु अगाडि नाम र थर हेर्ने कष्ट गर्नुहोला ।' भनेर लेखेकी छिन् ।

नायिका शिवाकोटीले व्यक्तिगत रुपमा धेरै म्यासेज आएको बताइन् । कतिपयले भने वर्षाको तस्वीरमा गएर देशको विरुद्धमा बोलेको भन्दै गाली गरिरहेका छन् । केही फेसबुक प्रयोगकर्ताले मान्छे चिनेर मात्र कमेन्ट गर्न अपिल गरेका छन् । वर्षा राउत र वर्षा शिवाकोटीको यसअघि सम्बन्ध राम्रो नभएको भन्दै गसिप बनिरहन्थे ।

## प्रहरी र स्वास्थ्यकर्मीको स्वाब संकलन

**भद्रपुर, जेठ १२।** ३३ जना कोरोना भाइरस सङ्क्रमित पुष्टि भएको दक्षिणी झापाको कचनकवल गाउँपालिकाका क्वारेनटाइनमा बसेकाहरूको चार दिनपछि आइतबार स्वाब सङ्कलन गरिएको छ ।

जिल्लामै सबैभन्दा बढी सङ्क्रमित भेटिएपछि गाउँपालिकाले क्वारेन्टाइनमा बसेकासहित स्वास्थ्यकर्मी, सशस्त्र र नेपाल प्रहरीको पनि स्वाब संकलन गरेको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख जागेश्वर यादवले जानकारी दिए । उनका अनुसार गाउँपालिकाका स्वास्थ्य शाखामा कार्यरत ल्याब टेक्निसियन र अनमी गरी पाँच जना स्वास्थ्यकर्मी, सशस्त्र र नेपाल प्रहरी गरी २२ जना, गाउँपालिकाका एक जना ट्र्याक्टर चालक र क्वारेन्टाइनमा बसेका १३२ जना गरी १६२ जनाको स्वाब सङ्कलन गरिएको छ । त्यसमध्ये जानकी आधारभूत पाठामारीको क्वारेन्टाइनमा ३२ जना र महेन्द्र-रत्न मावि केचना क्वारेनटाइनमा एक सयजना रहेका छन् । उनीहरू सबै भारतको सङ्क्रमित क्षेत्र मुम्बई र दिल्लीबाट समूह बनाएर स्वदेश फर्किएका हुन् ।

'गाउँपालिकामा सङ्क्रमित भेटिएपछि भारतबाट आउनेहरूको प्रत्यक्ष निगरानीमा खटिएका सशस्त्र र नेपाल प्रहरीको पनि स्वाब संकलन गरिएको हो'- शाखा प्रमुख यादवले भने- 'त्यस्तै उनीहरूको स्वास्थ्य जाँचमा खटिएका स्वास्थ्यकर्मीको पनि स्वाब लिएका हौं ।' यति भएपछि उनीहरूबाट समाजमा कोरोना फैलिने बाटो बन्द हुने विश्वास लिएको उनको भनाइ छ ।

स्वाब सङ्कलन गरी उनीहरूको पीसीआर परीक्षणका लागि विराटनगर पठाइसकेको उनले बताए । गाउँपालिकामा यसअघि पथरिया मावि र लक्ष्मीप्रसाद देवकोटा माविका क्वारेन्टाइनमा बसेका १०५ जनाको स्वाब सङ्कलन गरी पीसीआर परीक्षण गरिसकेको गाउँपालिकाका अध्यक्ष अञ्जार आलमले जानकारी दिए । उनीहरूमध्ये ३३ जनाको रिपोर्ट कोरोना पोजेटिभ आएको थियो भने ७२ जनाको रिपोर्ट नेगेटिभ आएको थियो । 'भारतबाट आउने क्रम जारी रहेकोले उनीहरूका लागि पनि छुट्टै क्वारेन्टाइन बनाइसकेका छौं'- अध्यक्ष आलमले भने- 'अब आउने सबैको स्वाब सङ्कलन गरी पीसीआर परीक्षणका लागि गाउँपालिका तयारी अवस्थामा रहेको छ ।' यता गाउँपालिकामा सङ्क्रमित भेटिएपछि जेठ ११ गतेसम्म शिल गरिएको थियो । आइतबार बसेको गाउँपालिकाको बैठकले पाँच दिन थप्दै जेठ १६ गते शिल लम्बाउने निर्णय गरिसकेको उनले बताए ।

## 'शिक्षक-बिद्यार्थीबीच समन्वय निरन्तर हुनुपर्छ'

**विमल दहाल**

**इलाम, जेठ १२।** नेपाल राष्ट्रिय शिक्षक संगठन राष्ट्रिय समितिका अध्यक्ष लक्ष्मण शर्माले शिक्षक-बिद्यार्थीबीचको नियमित समन्वय रहनुपर्ने कुरामा जोड दिएका छन् ।

नेपाल राष्ट्रिय शिक्षक संगठन माई नगरपालिका इलामको जुम एप्लिकेशनमार्फत दोस्रो नगर परिषद उद्घाटन कार्यक्रममा बोल्दै अध्यक्ष शर्माले सो कुरामा जोड दिएका हुन् ।

कोरोना भाईरस संकमण र जोखिम नभएका स्थानमा बिद्यालय सञ्चालन गर्न शिक्षक लाग्नुपर्ने भन्दै अध्यक्ष शर्माले अन्य स्थानमा अनलाईन, टेलिभिजन, रेडियो लगायत सामाजिक सञ्जालको माध्यम प्रभावकारी बनाउनु पर्नेमा जोड दिए । सामाजिक सञ्जालमा शिक्षकहरुले दक्षता राख्नुपर्ने भन्दै अध्यक्ष शर्माले कोरोना संक्रमणमा शिक्षकहरुको तर्फबाट प्रधानमन्त्री राहत कोषमा एक प्रतिशत जम्मा गर्ने निर्णय भएको समेत स्पष्ट पारे ।

जुम एप्लिकेशन अनलाईनमार्फत एक सय ७४ जनाको सहभागिता रहेको दोस्रो नगर परिषदबाट तत्कालिन माई शिक्षा शाखाका अधिकृत द्रोणप्रसाद



पोखेल र गरुवा बहुमुखी क्याम्पसका प्रमुख भूपाल अधिकारीलाई सम्मान गरिएको थियो ।

नेपाल राष्ट्रिय शिक्षक संगठन माई नगर कमिटीकाका अध्यक्ष खेम लिम्बूको अध्यक्षता तथा सचिब घनश्याम निरौलाको सञ्चालनमा भएको कार्यक्रममा माईका मेयर दीपककुमार थेबे, उपमेयर बिष्णुमाया आचार्य, शिक्षक संगठनका सूर्य दहाल, सूर्य बराल, नारायणप्रसाद गौतम, राजाराम राई, रघु मिश्र, किरण सुबेदी, प्रकाश खनाल, बासुदेब रेग्मी, गोपाल नेपाल, अग्नि दहाल लगायतले शुभकामना मन्तब्य राखेका थिए । नगर परिषद अर्न्तगतको बन्दसत्र समेत सम्पन्न भएको जिल्ला कमिटी अध्यक्ष प्रकाश खनालले जानकारी दिए ।

## प्रहरीको गोली लागेर लागूऔषध कारोबारीको मृत्यु

**महोत्तरी, जेठ १२।** महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिका -७ सहसौलामा लागूऔषध कारोबारीसँग प्रहरीको भीडन्त हुँदा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा रामगोपालपुर-७ निवासी सुरेन्द्र यादवका छोरा १६ वर्षीय राजन रहेको प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीले बताए । लागूऔषध कारोबारी भनिएका सोही ठाउँ बस्ने ५० वर्षीय सुरेन्द्र र २७ वर्षीय राहुल यादवलाई प्रहरीले पक्राउ गरेको जनाइएको छ ।

जारी लकडाउनका बेला पनि ठूलो मात्रामा लागूऔषध कारोबार गरेको गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिगएका सादा पोशाकका प्रहरी र लागूऔषध कारोबारीबीच रामगोपालपुर-७स्थित सडकमा भीडन्त भएको थियो । चारैतिरबाट घेरा हाली लागूऔषध कारोबारीले आक्रमण गर्न खोजेको र प्रहरीले आत्मरक्षाका लागि गोली चलाउँदा अभियुक्त राजनको घटनास्थलमै मृत्यु भएको हो । उनीमाथि ६ राउण्ड गोली लागेको थियो ।

सोही स्थानबाट अभियुक्त सुरेन्द्र र राहुललाई पक्राउ गर्न समेत सफल भएको प्रहरी उपरीक्षक अधिकारीले बताए । घटनास्थलबाट केही मात्रामा लागूऔषध नाइट्रोभेट पनि बरामद गरिएको छ । सो भीडन्तमा प्रहरी हवल्दार सञ्जीव पासवान तथा प्रहरी जवान रामविहारी पासवान, मनोज साह र लालबाबु यादव गम्भीर घाइते भएको र उनीहरुको उपचार जिल्ला अस्पताल जलेश्वरमा भइरहेको जनाइएको छ ।

## लकडाउनमा सामुहिक बलात्कार

**काठमाडौं, जेठ १२।** कोरोना भाइरसको सङ्क्रमण रोक्न सरकारले लागू गरेको लकडाउनको समयमा मध्यपुर ठिमीमा एक युवती सामूहिक बलात्कारको शिकार भएकी छिन् ।

मध्यपुर ठिमी नगरपालिका-६ पुरानो ठिमीमा डेरा गरी बस्ने २२ वर्षीय रोहित गिरीसहितका पाँचजनाले २० वर्षीया युवतीलाई बलात्कार गरेको अभियोगमा प्रहरीले एकजनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

गिरीले यही ८ गते बेलुका युवतीलाई ललाइफकाई आर्थिक प्रलोभनमा पारेर आफ्नै कोठामा लगेर बलात्कार गरी आफ्ना साथी कवाङ लामासहित चारजनालाई बोलाई रातभरि बन्धक बनाएर पटकपटक बलात्कार गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरेको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए ।

पीडित युवतीले यही जेठ ९ गते बिहान महानगरीय प्रहरी वृत्त ठिमीमा जाहेरी दिएपछि प्रहरीले काभ्रेपलाञ्चोक तेमाल गाउँपालिका घर भई मध्यपुरथिमि-६ पुरानो ठिमी बस्ने २९ वर्षीय कवाङ लामालाई पक्राउ गरेको उनले जानकारी दिए । प्रहरीले जिल्ला अदालत भक्तपुरबाट १० दिनको म्याद थप गरी अनुसन्धान शुरु गरेको र फरार अन्य चारजनाको खोजी भइरहेको जनाएको छ ।

**आकर्षक घडेरी बिक्रीमा**

**झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।**

**नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा**

**सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)**

## झापामा ...

खेती विस्तार गर्ने सोच छ ।

त्यस्तै झापा गाउँपालिकामा समेत कृषकले सो खेती गरेका छन् । यहाँका कृषकले करिब ५० बिगाह क्षेत्रफलमा खेती गरेका हुन् । झापा गाउँपालिका-६ का कृषक बलबहादुर भण्डारीले पाँच कठ्ठा जग्गामा खेती गरेका छन् । त्यस्तै, अर्का कृषक दुर्गाबहादुर विष्टले सात कठ्ठामा सो खेती गरेका छन् ।

खेती गर्न सजिलो छ- उनले भने- उत्पादन राम्रो हुने भएकाले खेती लगाएको हुँ । खेतीमा झञ्झट नभए पनि बेलाबेलामा सुँगाले बाली खाने गरेको उनको भनाइ छ । उनका अधिकांश कृषकले तोरीको सट्टा सूर्यमुखी लगाएका छन् । तोरीको भन्दा सूर्यमुखीको उत्पादन राम्रो हुने भएकाले कृषक यसतर्फ आकर्षित भएको अर्का किसान डिल्लीप्रसाद चापागाईंको भनाइ छ । बेच्न भन्दा पनि आफूलाई वर्षभरि खान पुग्नेगरी कृषकले खेती गरेका छन्- उनले भने । बिर्तामोड नगरपालिकाका कृषि शाखा अधिकृत राजेन्द्र कडरिया मोरङ र सनुसरीमा व्यावसायिकरुपमा सो खेती हुने गरेको जानकारी दिए । झापामा पनि सूर्यमुखीको खेती विस्तार हुँदैछ- उनले भने- विर्तामोडमा पनि व्यावसायिक खेतीका लागि नगरपालिकाकै तर्फबाट शुरुवात गरिएको छ ।

बलौटे माटो सो खेतीका लागि उपयुक्त हुने उनको भनाइ छ । नगरपालिकाको पहलमा लगाइएको खेती प्रतिकठ्ठा एकदेखि डेढ मनसम्म उत्पादन हुने अनुमान गरिएको छ । उत्पादन राम्रो भए कृषक आफैं उत्साहित भएर खेती गर्न अग्रसर हुने र नगरलाई तेलमा आत्मनिर्भर बनाउन सकिने उनले बताए । जिल्लाको कमल गाउँपालिका, भद्रपुर, दमक, मेचीनगरलगायतका स्थानमा समेत कृषकले सो खेती थालेका छन् ।

## घर फर्कन ...

गर्ने नाका जयरामघाटमा प्रहरीले छेकेको थियो तर उनीहरुले इलाका प्रहरी कार्यालय पोकलीबाट नाकामा बसेका प्रहरीलाई फोन गराएर जयराम पार गरेको खुलेको छ । नक्कली कागजात बनाएर गाउँ आएका उनीहरु पाँचै जनालाई दोर्पाचिउरी डाँडास्थित अन्नपूर्ण माविको क्वारेन्टिनमा राखिएको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका नगरप्रमुख दीपनारायण रिजालले बताए । गाउँ भित्रिन गरिएको कडाइका बीचमा पनि विभिन्न बहानामा गाउँ प्रवेश गर्ने क्रम रोकिएको छैन- उनले भने- लुकीछिपी गाउँ प्रवेश गर्ने जोकोहीलाई अनिवार्यरुपमा १४ दिनसम्म स्थानीय क्वारेन्टिनमा राख्ने गरिएको छ ।

एउटा टोलबाट अर्को टोल आवतजावत गर्नमा समेत रोक लगाइएको अवस्थामा बाहिरी जिल्लामा रहेका कतिपय व्यक्तिले पहुँचको भरमासमेत कागजात बनाएर आवतजावत गर्ने गरेको पाइएको छ । जिल्लामा एउटा कामका लागि प्रशासनबाट सवारी अनुमति लिएका सवारी साधन अर्कै काममा प्रयोग हुने गरेकोसमेत पाइएको छ ।

दश स्थानीय तह रहेको जिल्लामा हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थानका २० वर्षीय एक युवकमा कोरोना सङ्क्रमण पुष्टि भएको छ । गत सोमबार साँझ पिसिआर परीक्षण गर्ने क्रममा सङ्क्रमण पुष्टि भएका उनलाई उपचारका लागि मङ्गलबार साँझ एम्बुलेन्समार्फत विराटनगरस्थित कोरोना अस्पताल पठाइएको थियो ।

जिल्लामै पहिलोपटक कोरोना सङ्क्रमित भेटिएसँगै उनका परिवारसहित ४३ जनाको स्वाब सङ्कलन गरेर परीक्षण गरिएको पीसीआरको रिपोर्ट नेगेटिभ आएको छ । काठमाडौंबाट गत वैशाख-१२ गते उद्धार गरेर ल्याइएका युवकलाई कोरोना सङ्क्रमण पुष्टि भएपछि उक्त नगरपालिका अनिश्चितकालीन बन्द गरिएको छ ।

## मुख्यमन्त्री ...

पहिचानको विविधिताले सम्पन्न हाम्रो मुलुकमा हरेक जातजाति र धर्मका आआफ्नै मौलिक संस्कृति र पहिचान रहेको बताउँदै सन्देशमा भनेका छन्- धार्मिक तथा सांस्कृतिक विविधतायुक्त हाम्रो देशमा मनाइने ईदउल फित्र जस्ता पर्वले देशभित्र बसोबास गर्ने विभिन्न जातजाति, भाषाभाषी र धार्मिक समुदायबीच आपसी मेलमिलाप, सद्भाव र भाइचाराको प्रवर्द्धन गर्दै ऐतिहासिक एवम् मौलिक संस्कृति र परम्पराको संरक्षण तथा सम्वर्द्धन गर्न महत्वपूर्ण योगदान पुर्‍याएको छ ।

मुख्यमन्त्री राईले नेपाललगायत विश्वका विभिन्न मुलुकमा रहेका इस्लाम धर्मावलम्बीले मनाउने इदउल फित्र चाडको पनि आफ्नो छुट्टै पहिचान, मौलिकता र विशिष्टता रहेको छ उल्लेख गर्दै हाम्रो मुलुकमा मनाइने यी र यस्ता चाडपर्वका माध्यमबाट कायम हुने एकता तथा सामाजिक सद्भावलाई दीगो र दरिलो बनाउनेतर्फ लाग्नु हामी सबैको कर्तव्य हो -सन्देशमा भनेका छन् ।

उनले स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोउत्तर प्रगतिका लागि शुभकामना व्यक्त गरेका छन् । उनले ईदउल फित्र पर्वले हामी सम्पूर्ण नेपालीमा शान्ति, समृद्धि, भ्रातृत्व, सद्भाव, सहिष्णुता र एकता कायम गर्दै समृद्ध प्रदेश निर्माणमा अगाडि बढ्न एवम् कोभिड-१९ लाई पराजित गर्न सबैमा उत्प्रेरणा मिलोस् भन्ने शुभकामना पनि व्यक्त गरेका छन् ।

## क्वारेन्टाइन ...

छ न त बस्ने नै ब्यवस्था गरेको छ ।

नेपाल आइसकेका स्थानीयहरुलाई व्यवस्थित क्वारेन्टाइनसम्म पुर्‍याउने सवारी साधनको व्यवस्था समेत यस क्षेत्रमा हुन सकेको छैन । गाउँपालिकाको बैठकले यस अघि गाउँपालिका अन्तर्गतका भारतसंग सीमा जोडिएका ३ स्थानलाई भारतबाट नेपाली भित्र्याउन नाकाका रूपमा लिँदै ती नाकामा होल्डिङ सेन्टर स्थापना गर्ने निर्णय गरेको थियो । गाउँपालिकाले यसअघि लकडाउन प्रभावितहरुलाई एकपटक राहत बाँडे पनि पुनः राहत प्रदान गर्न पनि तदारुकता देखाएको छैन ।

गौरीगञ्ज-१का स्थानीय युवा दीपक श्रेष्ठले नाकामा भारतबाट फर्किने नेपालीहरुलाई व्यवस्थित नगरिँदा कोरोना संक्रमणको जोखिम बढेको गुनासो गरे । उनले सीमामा सुरक्षित तवरबाट होल्डिङ सेन्टर स्थापना गरी क्वारेन्टाइनसम्म उनीहरुलाई पुर्‍याउने व्यवस्थापन गर्नुपर्नेमा सरकारको ध्यान जान नसकेको बताए ।







श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# सजगता पुगेको छैन

लकडाउनको ६३औं दिन बितिसकेको छ। कोरोना महामारीबाट जोगिन सरकारले जारी गरेको यो उपाय शुरूका दिनमा जति प्रभावकारी थियो पछिल्लो समय त्यो कम हुँदै गएको छ। सडकमा आवागमनमा बाक्लिएको छ, सवारी साधनको चाप बढ्ने क्रममा छ। जसलाई रोक्न लकडाउन गरियो उसैको प्रभाव प्रतिक्षण उकालो लाग्ने क्रममा छ। यसले हाम्रो सुदूर भबिष्यको आकाशमा कालो बादलको संकेत गर्दैछ। अत्यन्त सुस्त गतिको कोरोना भाइरसको संक्रमण अहिले द्रूत भएको छ। संक्रमितहरूको फरक लक्षणमा मृत्यु भएको सन्दर्भले पनि यसको भयावहता नियन्त्रण बाहिर जान सक्ने देखिएको छ ।

कोरोना भाइरसले महामारीको रूप नलियोस् यसका लागि सरकारले उच्चस्तरीय संयन्त्र गठन गरेको छ। तर, त्यसको कार्यशैली, विधि, प्रक्रिया र प्रभावकारिता नै आलोचना मुक्त हुन सकेको छैन। त्यसमाथि वैध र अवैध रुपमा स्वदेश भित्रिएकाहरूको अब्यवस्थित बसाइले संक्रमण झनै उच्च हुन थालेको छ। रोजगारीका लागि भारत गएका लाखौं नेपाली कोरोना कहरकै कारण रोजगारी गुमाएपछि कष्ट खपेर फर्किए। सीमा बन्द भएकाले नाकामा थुप्रिँदै गए। उनीहरू प्रति भारत सरकारले मानवीय संवेदना समेत नदेखाएको र नेपालभित्रैबाट आलोचना भएपछि भने सरकारले देश प्रवेश गराएको छ। उनीहरू बिना परीक्षण भित्रिएका र क्वारेन्टीन पनि मापदण्ड अनुरूप नभएका कारण संक्रमित क्षेत्रबाट आएका उनीहरू संक्रमणका वाहक हुन सक्ने भय बढेको छ।

लकडाउन यता भारतबाट मात्रै दुई लाखभन्दा बढी नेपाली स्वदेश भित्रिएका छन्। स्थानीय सरकारले ती सबैको लगत र परीक्षण राख्न र गर्न सकेको छैन।

आगमन व्यापक हुन थालेपछि उनीहरूलाई क्वारेन्टीनमा व्यवस्थित गर्न नसक्ने स्थानीय प्रशासनले समेत बताइसकेको छ। यस्तोमा केन्द्र सरकार फिजुल खर्च कटौती गरी आसन्न महामारीबाट जनतालाई सुरक्षित गर्न लाग्नुपर्ने हो। तर सरकार भने कार्यकर्तालाई 'चारो छर्ने' भनेर आलोचना भएको र प्रमुख प्रतिपक्षीले समेत सासंद बिकास कोषको खारेजीको मागप्रति उदाशीन रहेको छ। यस्तै परीक्षणको गति तीव्र बनाउन गरिएको माग पनि सम्बोधन गरिरहेको छैन। संक्रमितको बढ्दो दरलाई मध्यनजर गर्दै जिल्ला-जिल्लामा परीक्षण गर्न स्थानीय सरकारले समेत माग गर्न थालेको सन्दर्भले पनि सम्भावित जोखिमको संकेत गरेको छ।

झापाका सीमावर्ती पालिका कोरोनाको उच्च जोखिममा छन्। नाकामा थुप्रिएकाहरूको लुकीछिपी प्रवेशलाई पोष्ट बनाएर बसेका प्रहरीले समेत रोक्न नसकिरहेको अपस्थामा समुदाय नै प्रभावित हुने निश्चित छ। यसलाई नियन्त्रण गर्न केन्द्र सरकारले स्रोतको व्यवस्थापन गर्नुपर्छ। त्यसो भए मात्र खाना, पानी, शौचालय र सुरक्षित बासको प्रत्याभूति हुन सक्छ। यसो भए स्वदेश फिरेकाहरूले क्वारेन्टिनको बसाइलाई सुरक्षित ठानेर समुदायलाई संक्रमणबाट बचाउन सक्छन्। अन्यथा फैलावटको यो दरलाई रोक्न र नियन्त्रण हाम्रो काबुमा रहने छैन। हाम्रो लापर्बाही, देश फिर्ता हुनेहरूको बाध्यता र सरकारको सुस्तताको परिणाम अकल्पनीय नहोस् हामी आफैंले सजगता अपनाउनुपर्छ।

# नक्सामा होइन जमिन नै फिर्ता ल्याऔं



लक्ष्मी उप्रेती

विश्व नोवल कोरोना भाइरस (कोभिड-१९) को महामारीका कारण आक्रान्त बनेको बेला भारतले धार्चुला लिपुलेक लिङ्क रोड उद्घाटन गर्‍यो। भारतीय रक्षामन्त्री राजनाथ सिंहले भिडियो कन्फ्रेन्समार्फत रोडको उद्घाटन गरे लगत्तै सामाजिक सञ्जाल मात्र होइन सदनदेखि सडकसम्म तात्यो वा कालापनी, लिपुलेक र लिम्पियाधुराको बिषयले मुलुक तातिएको थियो।

लिम्पियाधुरा, कालापानी र लिपुलेकबारे आम नेपालीले सरोकार व्यक्त गर्दै भारतको सर्वत्र विरोध गरे। भारतको उत्तराखण्डस्थित धार्चुला क्षेत्रको पिथौरागढबाट नेपालको दार्चुलाको गुन्जी क्षेत्रबाट लिपुलेक पुग्ने सडकमार्ग भारतले खोलेपछि सत्ताको बागडोर सम्हालेको दलमात्र होइन प्रतिपक्ष र अन्य दलहरु समेत राष्ट्रियताको सवालमा एकठाउँमा उभिए। गुमेको नेपाली भू-भाग फिर्ता गराउन सरकारलाई दवाव दिँदै सडक र सदन जिन्दवाद र मुर्दावादको नाराले तात्यो।

सडकमा नेपालको झण्डा बोकेर हाम्रो भूमि प्राणभन्दा प्यारो छ, भारतीय विस्तारबाद मुर्दावाद, लिपुलेक हाम्रै हो' भन्ने लगायतका नारा दिनहुँ जसो गुञ्जिरहे। जुनसुकै आस्था विचार, धर्म लिङ्ग समुदाय भए पनि राष्ट्रियताका लागि र गुमेको जमिन फिर्ता गराउन आम नेपाली भारतको यो कदमबिरुद्ध एक भएर एउटै ठाउँमा खडा भए। यसले नेपाललाई जब-जब संकट पर्दछ, देशको सीमा मिचिन्छ वा नेपाललाई कसैले खेलको मैदान मात्र बनाउन खोज्दछ त्यस बेला यो देशका सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, अधिकारकर्मी, सञ्चारकर्मी कवि कलाकार नाटककार सबै एकठाउँमा उभिँदा रहेछन् भन्ने गतिलो सन्देश विश्वमाझ प्रस्तुत पनि गरेको छ।

अन्ततः नेपाल सरकारले लिम्पियाधुरा, कालापानी र लिपुलेक समेटिएको नेपालको नयाँ राजनीतिक र प्रशासनिक नक्सा सार्वजनिक गर्‍यो। योसँगै नेपालको क्षेत्रफल एक लाख ४७ हजार ५ सय ५७ वर्गकिलोमिटर र कालापानी, लिपुलेक र लिम्पियाधुरासहितको नक्सा तयार भयो। यसले नेपालको सीमा समस्या समाधान गर्ने कार्यको थालनी भएको भन्ने पनि चर्चा सुनिन थालिएको छ।

मन्त्रिपरिषद्‌ले स्वीकृत गरेको नक्सा भूमि व्यवस्थमन्त्री पदमा अर्यालले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेपछि वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकारको उचाई अलि चुलियो। यो कार्यले नेपाल सरकार आफ्नो राष्ट्रियता र सम्प्रभुताको रक्षा गर्न प्रतिबद्ध रहेको प्रमाणित गरेको छ। भारतले नेपालको भू-भागमा सडक बनाएर उद्घाटन गराउँदासम्म पनि नेपाल सरकारले आफ्नोतर्फबाट त्यसलाई रोक्न पहल नगरेको भन्ने आलोचना भइरहेका बखत अतिक्रमित जग्गा समेटेर नेपालको नयाँ नक्सा सार्वजनिक गरेका कारण सरकार नेपाली जनताबाट केही हदसम्म धन्यवादको पात्र बनेको छ ।

सरकारले सार्वजनिक गरेको लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटी नेपालको नक्सा सार्वजनिक गरेपछि नेपाल र नेपालीहरुका वीचमा विभिन्न सञ्चारमाध्यमहरु तथा सामाजिक सञ्जालहरुमा यसले तहल्का मच्चाएको छ। अब सबै सरकारी दस्तावेज एवम् पाठ्यपुस्तकमा नयाँ संस्करण बमोजिमका नक्साहरू प्रयोग हुनेछन् र आम प्रयोगकर्ताले पनि अब नयाँ संस्करण बमोजिमको नक्सा प्रयोग गर्ने छन्। लिम्पियाधुरा, लिपुलेक, कालापानीसहितका भूभाग नक्सामा समेट्दा नेपालको भूमि तीन सय १० वर्गकिलोमिटर बढेको भन्दै नेपालले नयाँ नक्सा पारित गरेपछि सिंगो देशले स्वागत गर्‍यो। भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले लिम्पियाधुरासहित नेपालको नयाँ नक्सा राजपत्रमा प्रकाशित गरेपछि सबै मन्त्रालय र प्रदेश सरकारसहित सबै कार्यालयलाई पठाइ सकिएको छ। भारतले लिपुलेकमा सडक बनाएपछि दुई देश बीच तनाव थियो। तर, अब भने नेपालले नयाँ नक्सा पारित गरेपछि नेपाल भारत सीमा विवादले नयाँ मोड लिने आशंका धेरैले गरिरहेका छन्।

यसघिको नेपालको नक्सामा गुञ्जी, नाबी कुटीलगायतका क्षेत्र छुटेकाले त्यसलाई समावेश गरेर नयाँ नक्सा सार्वजनिक गरिरहँदा मन्त्री अर्यालले नेपालको नयाँ नक्साको विषयलाई भारतले पनि सकारात्मक रुपमा लिने विश्वास व्यक्त गरेकी थिइन्। तर, नेपालको नयाँ नक्सा सार्वजनिक गरेपछि भारतको तापक्रम यति बढ्यो कि भनेर साध्यै छैन।




भारतले नेपालको उक्त भूमि आफ्नो भन्दै २०१९ नोभेम्बर ३मा नयाँ नक्सा जारी गरेको थियो। भारतले नयाँ नक्सा जारी गरेपछि नेपालले वार्ताका लागि आग्रह गरेको थियो। तर, भारतले यस बिषयमा कुनै चासो दिएको थिएन। नेपालले नयाँ नक्सा जारी गर्ने भने लगत्तै भारतीय मिडियाहरुमा विभिन्न समाचारहरु आएका थिए। हुन त नेपालले नयाँ नक्सा जारी गर्ने भनेसँगै भारतीय मिडियामा विभिन्न चर्चा शुरु नभएको भने होइन।

नेपालले लिम्पियाधुरासहितको भू-भाग आफ्नो रहेको बताउँदै नयाँ नक्सा सार्वजनिक गरेपछि अहिले भारतमा हलचल मच्चिएको छ। नेपालको नयाँ नक्सा जारी भएपछि नेता अभिनेता लेखक कलाकारलगायतले मातृभूमिको समर्थनमा स्वागत गरे, कविले कविता लेख, गीतकारले गीत, संगीतकारले संगीत हालेका छन्, अनि गायकले गाएका छन्।

**दीपकराज गिरी, दीपाश्री निरौला,**
**चेतन सापकोटा यम वरालले गाएको यो गीतले**

*सीमानामा हाम्रो माटो मिच्न नखोज*
*छिमेकीलाई जताभावी थिच्न नखोज*
*लिम्पयाधुरा, लिपुलेक कालापानीमाथि*
*तिम्रो दुष्ट पाइला अव टेक्न नखोज*
*कस्ले दियो तिमीलाई हाम्रो कालापानी*
*तिम्रो नक्साभित्र किन पार्‍यौ जानीजानी*
*बेच्ने को हौ तिमलाई पनि नाङ्गेझार पार्छौं*
*आफ्नो दशेको सीमानामा काँडेतार बार्छौं*
*नेपालीलाई बिना कारण हेप्न नखोज*
*हाम्रो माटो हड्पेर सोध्न नखोज*
*मानेभञ्याङ महेशपुर अनि सुस्तामाथि*
*तिम्रो दुष्ट पाइला अव टेक्न नखोज*

*विश्वभरि मानवताको रक्षा गर्ने हामी*
*वीरताको नाम कमाई चम्किएका हामी*
*गोर्खालीको सन्तती हौ सवै मित्र*
*गिद्धदृष्ट पर्न दिन्नौ मेचीकाली भित्र*
*सूर्यलाई हत्केलाले छेक्न नखोज*
*हाम्रो माटो आफ्नो पारी चेप्न नखोज*
*ताप्लेजुङ्को फाटक अनि टनकपुरमाथि*
*तिम्रो दुष्ट पाइला अब टेक्न नखोज*

अहिले यो गीतले निक्कै चर्चा पाइरहेको छ। राष्ट्रभक्तिले ओतप्रोत यो गीतका माध्यमबाट कलाकारहरुले खवरदारी गरिरहेका छन्।

भनौ नेपालमा जारी भएको नयाँ नक्साले आम नेपाली खुशी छन्। अनि धेरैले भन्दै पनि आएका छन् नेपालको नक्सामा लिपुलेक, कालापानी लिम्पयाधुरासहित भारतले अतिक्रमण गरेको जग्गा नेपालको नक्सामा हालेर मात्र पुग्दैन सरकार अतिक्रमित जग्गाको स्वामित्व नेपालको हुनुपर्छ, भूमि नै फिर्ता गराउन सक्नुपर्छ।

नेपाल नेपालको नयाँ नक्सा सार्वजनिक गरे लगत्तै अभिनेत्री मनिषा कोइरालाले मातृभूमिको समर्थनमा सानो राष्ट्र भए पनि नेपालको यो प्रयास सकारात्मक भएको उल्लेख गर्दै एक ट्वीट गर्दा भारतीय मिडियाहरु उनीमाथि नै खनिएका छन्। कोइरालाको एक ट्वीटले भारतलाई नै हल्लाइदिएको छ। जसमा उनले मात्र सानो देश भए पनि आफ्नो स्वाधीनता र अस्तित्व जोगाएकोमा नेपाल सरकारलाई धन्यवाद दिएकी थिइन्। त्यही विषयलाई लिएर सबै भारतीय मिडिया उनीबिरुद्ध जाइलागेका छन्। भारतीय मिडियाहरु उनलाई गाली गरिरहँदा अहिले नेपाली कलाकारहरुले उनको समर्थनमा अभिव्यक्ति दिएका छन्।

कोइरालाको समर्थनमा अभिनेत्री शिल्पा पोखरेलले सामाजिक सञ्जालमार्फत आफ्नो प्रतिक्रिया दिँदै सबैको प्रेरणाको श्रोत, राष्ट्रको लागि तपाईंको अडान प्रशंसनीय छ। धेरै मानहानी र घृणाको सामना गर्नुपरे पनि, आशा छ कि तपाईं अझै बलियो हुनुहुन्छ भनिन्। त्यस्तै अर्की अभिनेत्री गरिमा पन्तले पनि स्टाटस लेख्दै भनेकी छिन् 'भारतीय मिडियाले मनिषा कोइरालाप्रति गरिरहेका टिप्पणी भर्त्सना लायक रहेको छ। मनिषाले भारतको केही खाएकी छैनन्। आफ्नो परिश्रमको ज्याला लिएर हजार गुणा बढी प्रतिफल भारतलाई दिएकी छिन्। आफ्नो मातृभूमिलाई माया गर्दा भारतीय मिडिया बौलाएको छ। मनिषाप्रतिको टिप्पणी भर्त्सना लायक छ' पोखरेलले सामाजिक सञ्जालमा लेखेकी छन्।

मनिषा कोइरालाले ट्वीट गरेपछि भारतका मिडियामा उनको चर्चा हुन थाल्यो। हुन तः नेपालको नयाँ नक्सा सार्वजनिक भएपछि नेपालका दुई छोरी र बुहारी राम्रै चर्चामा आए। पछिल्लो समय नेपालमा दुई महिलाको विषयमा निकै चर्चा छ। कसैको सकारात्मक त कसैको नकारात्मक चर्चा। तर, दुवैको चर्चा भने उत्तिकै छ। जनता समाजवादी पार्टीबाट सांसद बनेकी नेपालकी बुहारी सरिता गिरी र नेपालकी छोरी चेली नायिका मनिषा कोइराला यतिबेला निक्कै चर्चामा छन्।

मातृभूमिको समर्थनमा कोइराले ट्वीट गरेपछि उनको सकारात्मक चर्चा छ भने नेपालले नक्सा जारी गर्नु अगाडि भारतलाई सोध्नुपर्दैन ? भन्ने प्रतिनिधिसभामा सांसद् गिरीले भने पनि उनले नकारात्मक चर्चा बटुलिन। सांसद् गिरीले सरकारले नयाँ नक्सा जारी गर्ने निर्णय गरेपछि त्यसप्रति आपत्ति जनाउँदै प्रतिनिधिसभामा भनेकी थिइन्, नेपालले नक्सा जारी गर्नु अगाडि भारतलाई सोध्नुपर्दैन ? उनको यो भनाइले उनी अहिलेको अवस्थामा निक्कै आलोचित भइन्। सँधै मधेसको राजनीति गर्दै आएकी सरिताले नेपाल र नेपालीको भन्दा भारत र भारतीयको वकालत गर्दै आएकी भन्दै अहिले उनीविरुद्ध सम्पूर्ण नेपाली आक्रोशित भएका छन्। सारा विश्व कोरोना रोगको महामारीका कारण आक्रान्त बनेको र नेपालमा पनि यसको असर दिनानुदिन बढ्दै गइरहेको परिप्रेक्षमा स्वास्थ्य सामग्री जुटाउने र कोरोनाबिरुद्ध लड्न र बिजय प्राप्त गर्नका लागि छिमेकी राष्ट्र लगायत अन्य तेस्रो मुलूकको समेत सहयोग आवश्यक रहेको बेला भारतले बिषम परिस्थितीको मौका उठाई नेपाली माटोमा बाटो खनी एक पक्षीय रुपमा यसको उद्घाटन गर्नुले भारत नेपालको असल छिमेकी देश हो कि होइन भनेर शंका गर्ने बेला पनि आएको छ। दुईदेशबीचको लामो समयदेखिको रोटी र बेटीको साइनो पनि अब कतिसम्म पत्याउने अहिले विश्वले नै शंका पैदा गरिरहेको छ।

अन्त्यमा नेपाली नक्सामा जमिन समेट्दिा नेपाली जनताको मन-मनमा अहिले सरकार बसेको छ, नेपाली जनताले जयजयकार गरिरहेका छन्। त्यसलाई सार्थकरुप दिनका लागि ओली नेतृत्वको सरकारले नक्सामा मात्र होइन वास्तविक रुपमा जमिन फिर्ता ल्याउन सक्नुपर्छ। अहिलेको सरकारले वास्तविक रुपमा भूमि फिर्ता ल्याएर बिश्वास दिलाउन सक्ने हिम्मत राख्नुपर्दछ नत्र आउने पुस्ताले नेपाली राजनीतिलाई र राजनितिज्ञहरुलाई धिक्कार्ने मात्र छैनन्। अहिले जारी गरेको नेपालको नक्सा पनि हात्ती आयो हात्ती आयो फूस्सा भन्ने उखान मात्रै नहोला भन्न सकिन्न।

## अन्तराष्ट्रिय समाचार

# विश्वभर ३ लाख ४६ हजारको मृत्यु

**जेनेभा, जेठ १२।** कोरोनाभाइरसका कारण विश्वभर ३ लाख ४६ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने संक्रमितको संख्या ५५ लाख नाघेको छ।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयानुसार सोमबार मध्यान्हसम्ममा विश्वभर २४ घण्टाको अवधिमा ९६ हजार नयाँ संक्रमित भेटिएका छन्। विगत २४ घण्टामा विश्वभर २ हजार ८२६ जनाको ज्यान गएको छ।

प्राप्त समाचार अनुसार विश्वभर करिब ५३ हजार २११ जनाको स्वास्थ्य अवस्था कोरोनाभाइरसबाट अत्यन्त जटिल रहेको छ भने २७ लाख ९९ हजारको स्वास्थ्य अवस्था सामान्य वा मध्यम छ।

युरोपेली मुलुकहरुमध्ये कोरोनाभाइरसबाट बेलायतमा सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ। पछिल्लो विवरण अनुसार बेलायतमा ३६ हजार ७९३ को कोरोनाभाइरसका कारण मृत्यु भइसकेको छ।

संयुक्तराज्य अमेरिकामा मृत्युदरमा उतारचढाव यथावत छ। पछिल्लो २४ घण्टामा अमेरिकामा ६१७ व्यक्तिको मृत्यु भएको छ। योसहित अमेरिकामा मृत्यु भएका व्यक्तिको कूल संख्या ९९ हजार ३०० पुगेको छ।

## भारतमा १ लाख ३८ हजार संक्रमित

**भारत, जेठ १२।** भारतमा सोामबारसम्म कोभिड-१९ संक्रमितको संख्या १ लाख ३८ हजार ८४५ पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। सोमबार बिहान जारी तथ्याङ्क अनुसार भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या ४ हजार २१ जना पुगेको छ। यस संक्रमणबाट निको भएका बिरामीको संख्या ५७ हजार ७२१ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ। हाल भारतमा ७७ हजार १०३ जना कोरोना संक्रमित उपचाररत रहेका समाचारमा जनाइएको छ।

कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यका नागरिक संक्रमित भएका छन्। यहाँमात्र ५० हजार २३१ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन्। महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ। त्यहाँ १६ हजार २७७ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन् । गुजरातमा १४ हजार ५६ संक्रमति रहेका छन् । दिल्लीमा १३ हजार ४१८ जना कोरोना संक्रमित रहेका छन्।

भारतमा दुई महिना यतादेखि कोरोना भाइरस संक्रमण फैलिने डरले लकडाउन जारी रहेको छ। कोरोना भाइरसको संक्रमण क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी रुपमा गरेको लकडाउनलाई मे ३१ सम्म जारी रहने घोषणा गरेको छ । कोरोना भाइरस नियन्त्रण र रोकथामको लागि लकडाउनको चौथो चरण आगामी मे ३१ सम्म जारी रहने भारत सरकारले जानकारी दिएको हो।

भारतीय गृह मन्त्रालयले गत २४ मार्चदेखि लागू गरिएको लकलडाउन थप १४ दिनको लागि बढाउने निर्णय गरेको छ। भारतमा पहिलो चरणको लकडाउन गत २४ मार्चमा लगाइएको थियो। दोस्रो चरण लकडाउन १५ अप्रिलमा शुरु भएको थियो। तेस्रो चरणको लकडाउन मे ४ बाट शुरु थियो।

भारतले सरकारले गत मे ४ देखि लागू हुने गरी मे १७ सम्म थप दुइ साताको गरिएको तेस्रो चरणको लकडाउन समाप्त भएपछि चौथो चरणको लकडाउन शुरु भएको थियो। विगत केही दिनयता भारतभरि नै कोरोना भाइरसको संक्रमित को संख्यामा बृद्धि देखिएपछि चौथो चरणको लकडाउन गर्ने निर्णय गरिएको हो। भारतमा विगत केही दिनयता संक्रमणको बृद्धिदर उच्च देखिएको छ। यद्यपी अघिल्ला चरणका लकडाउनको तुलनामा चौथो चरण हालको लकडाउन केही खुकुलो गरिएको छ।

# ब्राजिल भएर अमेरिका प्रवेश गर्न प्रतिबन्ध

**अमेरिका, जेठ १२।** संयुक्त राज्य अमेरिकाले ब्राजिल भएर यात्रा गर्ने अमेरिका बाहेकका कुनै पनि देशका नारिकलाई अमेरिका प्रवेशमा प्रतिबन्ध लगाएको जनाएको छ। अमेरिकाको यो यात्रा प्रतिबन्धको नीति बमोजिम पछिल्ला १४ दिनमा ब्राजिल पुगेका या पछिल्लो १४ दिनयता ब्राजिल भएर यात्रा गरेका नागरिकलाई अबदेखि अमेरिका प्रवेश गर्न दिइने छैन।

अमेरिकामा कोभिड-१९को प्रकोप रोक्नका लागि अमेरिकाले यो नीति अख्तियार गरेको जानकारी दिइएको छ। अमेरिकाले नागरिकहरूलाई आफ्नो देश छिर्न प्रतिबन्ध लगाएको अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसका एक प्रवक्ताले जनाएका छन्।

दक्षिण अमेरिकी देश ब्राजिलमा साढे तीन लाखभन्दा बढी मानिस संक्रमित भएका छन्। यो देश संक्रमणको हिसाबले विश्वको दोस्रो ठूलो केन्द्र बन्न पुगेको बताइएको छ।ब्राजिलमा २२ हजार भन्दा बढी संक्रमितले ज्यान गुमाएका छन्। यस्तो प्रतिबन्धलाई अमेरिकामा नयाँ संक्रम्रमण भित्रिन नदिनका लागि गरिएको प्रयासका रुपमा मात्र लिनुपर्ने अमेरिकाले अर्थ्याएको बताइएको छ।

ह्वाइट हाउसकी प्रवक्ता कालेह म्याकन्यानीले एक विज्ञप्ति प्रकाशन गरी सो कुराको जानकारी दिएकी हुन्। हालैको यो नयाँ प्रतिबन्धले दुई देशबीचको व्यापारमा भने असर नगर्ने पनि ह्वाइट हाउसका प्रवक्ताले जारी गरेको विज्ञप्तिमा जनाइएको छ।

यो प्रतिबन्धले अमेरिकी नागरिकहरुका साथै उनीहरूका परिवार, कानुनी संरक्षक, अमेरिकी नागरिकका सन्तान वा कानुनी रूपमा स्थायी आवासीय अनुमति भएका र २१ वर्ष मुनिका उनीहरुका दाजुभाइ एवम् दिदीबहिनीहरूलाई भने रोक्नेछैन। अत्यावश्यक भएर अमेरिका प्रवेश गर्नेहरुलाई पनि स्वास्थ्यका तोकिएका मापदण्डहरु पूरा गर्नुपर्ने भएको बताइएको छ।

# प्रहरीलाई स्वास्थ्य सामग्री




**झिलझिले, जेठ १२।** इलाका प्रहरी कार्यालय झिलझिले मातहतमा कार्यरत प्रहरीलाई शिवसताक्षी नगरका एक समाजसेवीले स्वास्थ्य सामग्री प्रदान गरेका छन् ।

लायन्स क्लब शिवसताक्षीका संस्थापक प्रमुख याम काफ्लेले पञ्जा, सेनिटाइजर, माक्स र हातधुने साबुन प्रदान गरेका हुन् । दाता काफ्ले दूधेस्थित काफ्ले खाद्य भण्डारका सञ्चालक हुन् । उनी केही समयदेखि सामाजिक काममा क्रियाशील छन् ।

कोभिड-१९को संक्रमण रोकथामका लागि फ्रन्टलाइनमा रहेका सुरक्षाकर्मीलाई स्वास्थ्य सामग्री प्रदान गरिएको काफ्लेले बताए । सुरक्षाकर्मी, स्वास्थ्यकर्मी र सञ्चारकर्मी कोरोना भाइरसको उच्च जोखिममा रहेको भन्दै सतर्कता अपनाउन समेत सुरक्षाकर्मीलाई उनले आग्रह गरे । काफ्लेले २ सय थान मेडिकेटेड माक्स, २ सय थान पञ्जा, ५ सय एमएलको सेनिटाइजर र १२ थान हात धुने साबुन प्रदान गरेका थिए ।

प्रहरीलाई प्राप्त स्वास्थ्य सामग्री मातहतमा कार्यरत प्रहरीलाई प्रदान गरिने इलाका प्रहरी कार्यलय झिलझिलेका प्रहरी निरीक्षक कोमल ठाकुरले बताए । उनका अनुसार इलाका प्रहरी कार्यालय झिलझिले मातहतमा ७७ प्रहरी कार्यरत छन् । इलाका प्रहरी कार्यलय शिवगञ्ज, प्रहरी चौकी महाभारा, प्रहरी चौकी कुञ्जीबारी, प्रहरी चौकी मंगलबारे, अस्थाई प्रहरी चौकी माईधार छन् । प्रहरीलाई स्वास्थ्य सामग्री प्रदान गर्ने दाता काफ्लेको प्रहरी निरीक्षक ठाकुरले प्रशंसा गरे । उनले भने यस्तै अनुकरणीय सामाजिक काम गर्न प्रेरणा मिलोस् ।'

यसैबीच स्थानीय बासिन्दाले निर्माण सहयोग गरेको झापाको झिलझिलेस्थित ट्राफिक प्रहरी पोष्टको १ नम्बर प्रदेश ट्राफिक कार्यलयका प्रमुख ट्राफिक प्रहरी उपरीक्षक भीमवहादुर दाहालले निरीक्षण गरेका छन् ।

उनले हालै निर्माण भएको गोलघरको समेत निरीक्षण गरेका हुन् । निरीक्षणका क्रममा उनले मातहतका ट्राफिक प्रहरीलाई निर्देशन दिँदै कोरोना संक्रमणको जोखिमबाट आफू पनि बच्दै सर्वसाधरणलाई समेत बचाउनका लागि चेतनात्मक काम गर्न अनुरोध गरे ।

उनले सर्वसाधरणलाई सवारी चलाउँदा लार्पावाही नगर्न समेत अनुरोध गरे । सानो लार्पावाहीले सवारी दुर्घटना हुने र त्यसबाट अकालमा ज्यान जाने, अंगभंग हुने हुँदा त्यसबाट बच्न सडक मा सतर्कता अपनाउनुपर्ने ट्राफिक प्रहरी प्रमुख प्रहरी उपरीक्षक दहालले बताए ।

उनले नियम अनुसार काम गर्ने ट्राफिक प्रहरी कर्मचारीको बढी आलोचना हुने हुँदा यसलाई पाठशालाको रुपमा लिनुपर्ने बताए ।

# कार्यदलबाट बाहिरिए आचार्य र निरौला

**काँकरभिट्टा, जेठ १२।** कोरोना भाइरस नियन्त्रणका लागि मेचीनगर नगरपालिकाले गठन गरेको कोरोना भाइरस नियन्त्रण विशेष कार्यदलका दुई जना सदस्यले संयुक्त राजीनामा दिएका छन् ।

नगरप्रमुखको नेतृत्वमा रहेको उक्त कार्यदलका सदस्यहरु सन्तोष आचार्य र ज्ञानेन्द्र निरौलाले संयुक्त रुपमा राजीनामा दिएका हुन् । आचार्य र निरौलाले नगरपालिका कार्यालयमा राजीनामा पत्र बुझाए पछि संयुक्त प्रेस बिज्ञप्तिमार्फत राजीनामा दिएको जानकारी गराएका छन् ।

कोरोना भाइरसको विश्वव्यापी संक्रमणको अवस्थाबाट नगरबासीलाई सुरक्षित राख्ने कार्ययोजनासहित बनेको कार्यदलमा बसेर काम गर्ने वातावरण नभएकाले राजीनामा दिनुपरेको पत्रकार समेत रहेका आचार्य र निरौलाले जनाएका छन् ।

संकटको सामना गर्न नागरिकको सुरक्षाका लागि व्यवस्थित क्वारेन्टाइन बनाउनुपर्ने, आइसोलेशन वार्ड निर्माण गर्नुपर्ने, भारतीय सीमामा रहेका नेपालीलाई ल्याउँदा अपनाउनुपर्ने न्युनतम् स्वास्थ्य सुरक्षा विधि अपनाउनुपर्ने, फ्रन्टलाइनमा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारीहरुलाई पर्याप्त स्वास्थ्य सामग्री उपलब्ध गराउनुपर्ने, रोगको संक्रमण देखिएको अवस्थामा आइपर्ने आपत्कालीन सुविधाको पूर्व तयारी गर्नुपर्ने, आफ्ना नागरिकलाई ढुक्क हुने वातावरण बनाउनुपर्ने जस्ता सुझावलाई बेवास्ता गर्दै कार्यदलको बैठकमा छलफलै नभएका विषयहरु निर्णय भएको भन्दै कार्यदलमा बसेर काम गर्ने अवस्था नभएकाले राजीनामा गर्नु परेको पत्रकार महासंघ झापाका सचिव समेत रहेका आचार्यले बताए ।


सन्तोष आचार्य


ज्ञानेन्द्र निरौला

यो समयमा कुलो पैनी निर्माण भन्दा नगरबासीको स्वास्थ्य प्राथमिकतामा राखेर काम गर्न पटक-पटक आग्रह गर्दा समेत नगरपालिकाको नेतृत्व त्यसतर्फ गम्भीर नभएकाले र कार्यदलका बैठकमा सुझाव दिँदा त्यस बारे सुनुवाई नभएकाले कार्यदलबाट राजीनामा दिनुपरेको रेडियो साथी काँकरभिट्टाका कार्यकारी निर्देशक समेत रहेका निरौलाले बताए ।

मेचीनगरका मुख्य राजनीतिक दलका नगर नेतृत्वसहित १५ सदस्यीय रहेको कार्यदलको बैठकमा नै नेतृत्वको कार्यशैली प्रति असन्तुष्टि देखाउँदै कार्यदलका सदस्य तथा मेची अभियानका संयोजक बिजय डालमियाले यस अघि नै राजीनामा दिइसकेका छन् ।

## ट्याक्टरबाट लडेर मृत्यु

**मोरङ, जेठ १२।** मोरङको कानेपोखरी गाउँपालिका-५मा ट्याक्टरबाट लडेर एक जनाको मृत्यु भएको छ ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको को२त २४५९ नम्बरको ट्याक्टरमा सवार रहेका स्थानीय २७ बर्षीय प्रवीण राई अचानक ट्याक्टरबाट लडेर घाइते भएका थिए । घाइतेलाई उपचारको लागि मंगलवारे अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भएको तथा घटना बारे थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय पथरीले जनाएको छ ।

## धारिलो हतियार प्रहारबाट मृत्यु

**उदयपुर, जेठ १२।** उदयपुरको रौतामाई गाउँपालिका-८की ४३ बर्षीया नेप्टीमाया भनिने दिलमाया तामाङ आफ्नै घरमा मृत फेला परेकी छन् ।

तामाङ आफ्नै घरमा मृत अवस्थामा रहेको भन्ने जानकारी पाए लगत्तै जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले महिलालाई धारिलो हतियार प्रहारबाट मृत रहेको अवस्थामा फेला पारेको हो । महिलाको धारिलो हतियार प्रहारबाट हत्या भएको आशंकामा प्रहरीले मृतककै श्रीमान् ५२ बर्षीय बिष्णु तामाङलाई नियन्त्रणमा लिएको छ भने मृतकको कानूनी प्रकृयाका साथै अन्य थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

# खाडीको डोरी लाहुरेको उदाहरणीय कार्य

**नरेश गुरुङ**

'मागेर होइन, कमाएर समाजसेवा गर्न चाहन्छु । कमाएको पैसा समाजसेवामा खर्च गर्छु । किनकि सास रोकेर उकुस मुकुस हुन चाहान्न ।' यो भनाइ प्रसिद्ध गायक तथा समाजसेवी आनी छोइङ डोल्माको हो । उनको भनाइले जो कोहीको मनमा परोपकारिको बीऊ जगाउँछ ।

यस्तै उद्देश्य र भावना भएका एक मनकारी जो खाडीको त्यो पराई ठाउँबाट आफ्नो श्रम बेचेर रातदिन दुःखी, असहाय , को सहाराको डोरी बनिरहेका छन् । केही बर्ष अघिदेखि सामाजिक सञ्जालमार्फत मानवीय सेवामा अग्रसर छन् । उनीको हुन् ? उनको नाम के हो ? कसैलाई थाहा छैन । खाडीको डोरी लाहुरे नामको फेसबुक एकाउन्ट चलाउँछन् । त्यही आइडीबाट उनले आफू जस्तै मन भएका सहयोगी साथी बनाउँछन् ।

उनलाई संयोजन बनाएर आर्थिक अवस्था कमजोर भएका, असहाय, विपन्नवर्गलाई सहयोग गरिरहन्छन् । उनले फेसबुकमा सहयोगको अपिल देखनै हुनन् आफै चासो लिई सम्बन्धि व्यक्तिलाई सम्पर्क गरिहाल्छन् । उनी प्रचारप्रसारमा आउन चाहँदैनन् । उनी विशुद्ध मानवीय सेवामा विश्वास राख्छन् । उनकै शब्दमा समाजसेवा देखाउनको लागि होइन समाज सेवा विशुद्ध मानवीय सेवाको लागि हो । जुन प्रचार गरिन्छ, त्यो सेवा होइन । उनले आफ्नो फेसबुकमा पोष्ट गरेका बिचारबाट थाह पाउन सकिन्छ । साथीहरूको जिज्ञासामा उनको प्रतिक्रिया यस्तो छ ।

विदेशी भूमिमा करिब ३ लाख नेपाली श्रम गरिरहेको एक तथ्यांकले देखाउँछ । आर्थिक अवस्था कमजोर भएका नेपाली दिनरात आफ्ना श्रम बेचन बाध्य छन् । श्रम गरेको पैसा आफ्ना परिवारलाई पठाएर सुखी देख्न चाहन्छन् । सँधै अरूको लागि सोच्ने मनकारी मन भएका नेपालीको मन हिमाल जस्तै अग्लो छ ।

पंक्तिकार पनि आफूलाई दुःखी, असहायको लागि परोपकारी हुन चाहन्छ । विदेशीमा श्रमको दुःखलाई भुलेर नेपालीको दुःखमा आँशु पुछिदिन हरदम तयार भइरहने सहयोगी मनको धनी खाडीको डोरी लाहुरे आज करोडौ नेपालीको प्रेरणाको डोरी बनिरहेका छन् । देशमा लकडाउनको २ महिना बितिसकेको छ अझ लकडाउन लम्बिने अशंका छ । यस्तो अवस्थामा मानिसहरू घरमै रहन बाध्य छन् । ज्यालादारी गर्ने मजदुर यतिबेला उनीहरूको दैनिकी ठप्प छ । उनीहरू सहयोगको अपेक्षा गरिरहेका छन् । सरकारले नगरपालिका, गाउँपालिकामार्फत एकद्वार प्रणाली लागू गरेको छ । अहिलेसम्म २/३ चरणको राहत बाँडिरहेको छ । तर, बाँडेको राहतले उनीहरूलाई पयाप्त छैन ।



जसकारण सहयोगी संस्था, स्वदेश तथा विदेशमा रहेका मनकारी नेपालीहरूले छाती खोलेर सहयोग गरिरहेका छन् । जसमध्ये खाडीको डोरी लाहुरे पनि एक हुन् । उनी आफू चिनिन चाहँदैनन् । आफ्नो परिचय गोप्य राख्न रूचाउँछन् । नेपालका विभिन्न जिल्लासँगै झापाका केही स्थानीय तहका वार्डहरूका विपन्न परिवारको पहिचान गरी स्वयम्सेवीमार्फत राहत वितरण गरिरहेका छन् ।

उनलाई झापामा बिर्तामोड-४का स्वयम्सेवी स्वतन्त्र नागरिक समाजका संयोजक देब संग्रौला ( देबी)ले राहत वितरणमा सहयोग पुऱ्याइरहेका छन् । उनकैमार्फत हालसमम ५ सय विपन्न परिवारलाई खाद्यान्न वितरण गरिसकिएको र आगामी दिनमा पनि सक्रिय रूपमा लागीपर्ने समाजका संयोजक संग्रौलाको भनाइ छ । यस सत् कार्यमा मनकारी गैर नेपाली युकेबाट लीला राई, मलेशियाबाट प्रेम सापकोटा पनि जोडिएका छन् । आगामी दिनमा सामाजिक क्षेत्रलाई फराकिलो बनाउँदै 'लीला राई फाउण्डेशन' स्थापना पनि गरिएको र दर्ता प्रकृया भइरहेको देब संग्रौला बताउँछन् ।

भनिन्छ जीबनमा मरेर के नै लानु छ र लाने त केबल पाप र पुण्य मात्र त हो । त्यसैले बाचुनजेल अरूलाई सहयोग गर्नु, आर्जन गरेको धन समाजको हितमा खर्च गर्नु नै मानवीय धर्म हो । पक्कै पनि जात, धर्म, लिङ्गभन्दा ठूलो मानवता हुन्छ भनने उदाहरण पराई भूमिमा रहेर पनि आफूले श्रम गरेर पाएको ज्यालाबाट केही रकम विपन्न नेपालीको दुःखको आँशु पुछिदिन हरदम मन खोलेर सहयोग पुऱ्याउने उनी हरेक नेपालीको प्रेरणाको स्रोत बन्न सक्छन् ।

## इदमा भारतका मस्जिद बन्द

**काठमाडौं, जेठ १२।** मुस्लिम समुदायका नागरिकको ठूलो पर्व इद उल फित्रका दिन नयाँ दिल्लीलगायतका भारतका अधिकांश स्थानका मस्जिदहरु बन्द रहेका छन् । भारतमा पनि बढ्दो कोरोना भाइरसको प्रकोपका कारण भारतले पनि गएको दुई महिना भन्दा लामो समयदेखि लकडाउन गरेको छ ।

लकडाउनका कारण तथा यस प्रकोपको बढ्दो संक्रमणका कारण यहाँका मुस्लिम समुदायका नागरिकहरु मस्जिदमा भेला भएका थिएनन् । नयाँ दिल्लीको सबैभन्दा ठूलो फेताहपुरी मस्जिद बन्दाबन्दीको पालना गर्दैबन्द गरिएको छ । यसअघिका इदको समयमा हजारौंको भीड लाग्ने गरेको यस मस्जिदमा कोही पनि उपस्थित भएका थिएनन् ।

इस्लामिक धर्मावलम्बीहरुले एक महिनाको रमजान ब्रतपछि इद उल फित्रको दिनमा उक्त ब्रतको समापन गर्ने गर्दछन् । यस दिन विश्वका मुस्लिम समुदायका नागरिकहरु मस्जिदमा जम्मा भएर इद मनाउने गर्दछन् । तर, भारतका प्रायः सबैजसो मस्जिदहरु बन्द रहेको बताइएको छ ।


**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**पत्रिका समयमा पाउनु भएको छैन ?**
मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**
नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।
**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**हिजोको सूनचाँदीको भाऊ**
छापावाला सुन : ७७,०००।-
तेजावी सुन : ७६,७००।-
असल चाँदी : ७२५।-

**आवश्यकता**
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कोरियन भाषामा विशेष छुट**
दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**
**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**
दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** व्यापार- व्यवसायमा पनि प्रशस्त फाइदा हुनेछ। मिहिनेत गर्दा कीर्तिमानी काम सम्पादन हुनेछ । यात्राको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** चुनौतिपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला । अस्वस्थताले लक्ष्यमा पुग्न समस्या पर्नेछ । परिस्थिति विचार गरेर मात्र नयाँ काम थालनी गर्नुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** शुभचिन्तक र प्रतिस्पर्धीलाई समेटेर काम लिनुपर्ने समय छ । योजना पूर्ण नभए पनि आंशिक लाभ अवश्य हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** सम्भावना देखिए पनि उपलब्धि प्राप्त गर्न समय लाग्नेछ । समस्या दर्साउँदा सहयोगीहरूबाट साथ पाइनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ । अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** चुनौतिपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला । आकस्मिक समस्याले शरीरमा कमजोरी अनुभूति हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** चिताएको काम बिग्रनाले निराशा छाउनेछ । गोपनीयता बाहिरिनाले पनि समस्यामा परिनेछ । फजुल खर्च बढ्ने र आर्थिक क्रियाकलापमा बाधा पुग्ने देखिन्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मिहिनेतले छोटो समयमा फाइदा दिलाउनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । अतिथिका रूपमा सेवा सत्कार प्राप्त हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** गृहस्थी यात्रा रमाइलो रहनेछ । आफन्तहरूको साथले नयाँ आशा जगाउनेछ । नयाँ काम थालनी गर्नुपर्ला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ ।